**आ.व.२०८१/०८२, मिति २०८२/०३/१० गते, गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. गाउँ सभाको १८औं अधिवेशनको पहिलो बैठक सम्बन्धमा।

२. आगामी आ. व. २०८२/८३ को गाउँ सभाको १८औं अधिवेशनको दोस्रो बैठकको कार्यूची सम्बन्धमा।

३. सरुवाका लागि पठाइएका ईन्जिनियर सम्बन्धमा।

**आ.व.२०८१/०८२, मिति २०८२/०३/१० गते, गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

१. **नं. निर्णय :** आज हुन गइरहेको गाउँ सभाको १८औं अधिवेशनको पहिलो बैठकलाई सबै कार्यपालिका सदस्यहरुले जिम्मेवार भई मर्यादित रुपमा सु-सम्पन्न गर्ने। साथै, सभाको तयारीका लागि कर्मचारी र सभासदस्यहरुलाई आवश्यक सहजीकरण र सहयोग गर्दै निजहरुसँग आवश्यक सहकार्य र समन्वय गर्ने।

२. **नं. निर्णय :** आगामी आ. व. २०८२/८३ को गाउँ सभाको १८औं अधिवेशनको दोस्रो बैठकको कार्यूची देहायको तालिका बमोजिम हुने।

**विषयः कार्यसूची र समयतालिका।**

| क्र. स. | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| १. | बिहान ११:०० बजे | सभा सदस्यहरु र सचिवालय कर्मचारीहरु सभा हलमा प्रवेश गर्ने | - | सचिवालयबाट सभासदस्यहरुलाई प्रस्तावसँग सम्बन्धित कागजातहरु र विवरण उपलब्ध गराउने |
| २. | बिहान ११:१५ बजे | सभाध्यक्षज्यूको प्रवेश र सबै सभा सदस्यहरु उठेर सभाध्यक्षको सम्मान सहित /राष्ट्रिय धुनमा सरिक हुने | - | सचिवालयबाट ब्याच वितरण |
| ३. | बिहान ११:२० बजे | सभाध्यक्षज्यूबाट गाउँ सभाको १८औं अधिवेशनको दोस्रो बैठकको प्रारम्भ भएको घोषणा, मौन धारण र संक्षिप्त कार्यूची प्रस्तुत गर्ने। | सभाध्यक्षज्यू | सचिवालयबाट गाउँसभाको उपस्थिति उठाउने |
| ४. | बिहान ११:३० बजे | मिति २०८२।०३।१० गते उपाध्यक्ष, श्री लाल बहादुर रावतबाट गाउँ सभाको १८औं अधिवेशनको पहिलो बैठकमा पेश भएको आ. व. २०८२।०८३ को संक्षिप्त बजेट तथा कार्यक्रम र विनियोजन विधेयक, २०८२ को प्रस्ताव विस्तृत रुपमा पेश, छलफल, निर्णयार्थ प्रस्तुत तथा स्वीकृत गर्ने। | सभाध्यक्षज्यू | |
| ५. | अपरान्ह १२:३० बजे | सभा सदस्य तथा विधायन समिति संयोजक, श्री ईश्वरी शाहीबाट गाउँ सभाको १८औं अधिवेशनको पहिलो बैठकमा पेश भएको आर्थिक विधेयक, २०८२ माथि छलफल, निर्णयार्थ प्रस्तुत तथा स्वीकृत गर्ने। | सभाध्यक्षज्यू | |
| ६. | अपरान्ह ०१:०० बजे | सभाध्यक्षज्यूबाट धन्यवाद सहित सभाध्यक्षबाट सभामा उठेका विभिन्न सवालहरुको जवाफ सहितको मन्तव्य राख्दैं कार्यसूची बमोजिम गाउँ सभाको १८औं अधिवेशनको दोस्रो बैठक समापन भएको घोषणा। | सभाध्यक्षज्यू | |

३. **नं. निर्णय :** यस गाउँपालिकाको कार्यालयमा इन्जिनियरिङ् सेवा, सिभिल समूह, सातौँ तह, अधिकृतस्तरको ईन्जिनियर पदमा पूर्वाधार शाखा प्रमुखको रुपमा कार्यरत, श्री नारायण पोखरेल सिम्ता गा. पा.-५, सुर्खेतलाई स्थानीय (सेवा गठन तथा सञ्चालन) ऐन,२०८१ को परिच्छेद-४, दफा २३ को उपदफा (५) को खण्ड (घ) अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा वा पायक पर्ने कार्यालयमा व्यवस्थापन गरिदिनुहुन भनि मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध सहित कार्यपालिकाको मिति २०८२।०१।०५ को निर्णयानुसार पत्राचार गरिएकोमा हालसम्म पनि

निजको सरुवा नभएकोले हाल निजको सरुवा नहुन्जेलसम्मको लागि निजले पाउने सञ्चित विभिन्न बिदा सुविधाबाट सोधभर्ना हुने गरी निजको बिदा स्वीकृत गर्ने र सरुवामा सहजीकरण गर्ने/गराउने ।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**